# राष्ट्रको संस्कृति र सभ्यताको धरोहर - लोकबागीना

रामशरण दर्नाल

यसो त सङ्गीत शास्त्रमा ‘सङ्गीत’ भन्नाले गीत, वाद्य र नृत्य भन्ने बुझिन्छ। सङ्गीतकलाका केही विधाहरूमध्ये लोकसङ्गीत पनि मुख्य विधामा गणना गरिन्छ। यहाँ लोक सङ्गीत भन्नाले गीत, बाजा र नाच हुनुपर्ने थियो। तर, बागीना शब्द नेपाली सङ्गीतमा मौलिकता र नेपालीपन लिएर देखा पर्‍यो। शास्त्रअनुसार वा परम्पराअनुसार यो सुन्दा अलि अप्ठ्यारो जस्तो लागे पनि बाजा, गीत र नाचको संक्षिप्त रूप ‘बागीना’ले नेपालीपन मात्र झल्काउने होइन, यो सुन्दैखेरि पनि मीठो शब्द लाग्दछ। नेपाली सङ्गीतजगत्मा यो एउटा नौलो प्रयोग पनि हो। त्यसैले यहाँ लोक सङ्गीत नभनेर, ‘लोक बागीना’ भनिएको हो।

हुन त सङ्गीत कलाको तीनै विधालाई जसरी उच्चारण गर्दा पनि अर्थ एकै हुन्छ। गीबाना (गीत, बाजा र नाच), बागीना (बाजा, गीत र नाच) र नागीबा (नाच, गीत र बाजा) यी तीनैवटा शब्दमध्ये ‘बागीना’ शब्द नै सटीक लागेर होला गायक नारायणगोपाल, सङ्गीतकार गोपाल योञ्जन र गीतकार नगेन्द्र थापाले आफ्नो सङ्गीत पत्रिकाको नाम ‘बागीना’ राखे। नेपाली मौलिकता बोकेको यो मीठो शब्दले नेपाली सङ्गीत जगत्मा आफ्नो स्थान जमाइसकेको छ। देशका विभिन्न भागमा यसै नामबाट साङ्गीतिक संस्थाहरू खुलेका छन्।

अर्को कुरा, प्राविधिक दृष्टिले पनि सङ्गीतका तीन विधा-बाजा, गीत र नाचमध्ये पहिलो विधा बाजा (वाद्य)लाई नै मान्नुपर्ने हुन्छ। शास्त्रअनुसार पनि शिवको डमरुबाट उत्पन्न चौध सूत्रले व्याकरणलाई जन्माएको हो। विश्वब्रह्माण्डमा नादब्रह्मको अस्तित्व नभई शब्दब्रह्म कसरी प्रत्यक्ष हुन सक्ला ? सङ्गीतशास्त्रका यस्ता अनेकौं तर्क हुन सक्छन्। यसर्थ, सङ्गीतकलाका तीनै विधा बराबर छन्। रतिभर फरक छैनन्। तीनै विधाको अस्तित्व एकापसमा निर्भर रहेका छन्।

नादब्रह्म (ध्वनि) लाई प्रधान मान्ने हो भने बागीनाले सटीक अर्थ पाएझैं लाग्छ। सङ्गीत शास्त्रीहरूका पुराना मान्यतालाई मानेर पनि आफ्नो मौलिकपन र नेपालीत्व झल्काउने बागीना शब्दलाई नै नारायणगोपाल बन्धुहरूले सङ्गीत पत्रिकाका लागि चयन गरेका होलान् भन्ने अनुमान गर्न सकिन्छ।

प्रस्तुत लेखको शीर्षक नेपाली लोकबागीना भन्नाले नेपाली लोक सङ्गीत वादन, गायन र नर्तन (बाजा, गीत र नाच)लाई जनाउँछ। यसले सङ्गीतकलाका तीनै विधा लोकसङ्गीत, शास्त्रीय सङ्गीत र आधुनिक सङ्गीतलाई समेत जनाउँछ। यहाँ लोक

बागीना भन्नाले नेपाली लोकसङ्गीतको बाजा, गीत र नाचलाई लिइएको छ । यो लेखमा नेपाली लोकबागीनाका तीनै पक्ष-लोकबाजा, लोकगीत र लोकनाचमा संक्षेपमा भए पनि प्रकाश पार्ने जमर्को गरिएको छ ।

लोकबाजा

नेपाली लोकसङ्गीत लोकबाजामा निक्कै समृद्ध रहेको छ । आजसम्म थाहा भएअनुसार प्रचलित र अप्रचलित गरी डेढ सयभन्दा बढी नेपाली बाजाहरू रहेका छन् । यी बाजाहरू नेपाली लोकसङ्गीतमा मात्र होइन आधुनिक सङ्गीतमा समेत प्रयोग हुँदै आएका छन् । तर, आधुनिक नेपाली सङ्गीतमा जति नेपाली बाजाहरूको प्रयोग हुनु पर्थ्यो त्यत्ति हुन सकेको छैन । कतिपय नेपाली बाजाले अन्तर्राष्ट्रिय जगत्मा समेत आफूलाई चिनाइसकेका छन् । सारङ्गी, टुङ्ना, मादल, डम्फु, बाँसुरी, सहने आदि तिनमा पर्दछन् ।

नेपाली लोक सङ्गीतमा बाजा भन्नाले केवल एउटा बाजालाई मात्र जनाउँदैनन् 'बाजा' शब्दले त्यसको वाद्य समूहलाई जनाउँछ । यस्ता वाद्य समूहहरू दुईदेखि ३६ जनाको समूहसम्म रहने गरेका छन् । नायखिंबाजा यस्तो समूह हो जसमा छुस्या (पातलो झ्याली) र नायखिं (सानो आकारको ढोलकी) मात्र रहन्छ । ३६ जनाको बृहत् समूहमा ३६ नगरा आज पनि विशेष अवसरहरूमा सुदूर पश्चिमाञ्चलका क्षेत्रहरूमा बजेको सुन्न सकिन्छ । नेपाली लोकसङ्गीतमा पञ्चैबाजा (पाँचजनाको समूह), नौमती बाजा (नौजनाको समूह) देशभर प्रख्यात छ । यसबाहेक सारङ्गीवादन समूह, पञ्चबाजा (पाँचजनाको) धिमेबाजा, हुड्के बाजा आदि अनेक थरिका बाजा (वाद्य समूह) हरू नेपाली लोकसङ्गीतमा बज्दै आएका छन् । हालसम्म देशमा यस प्रकारका बाजा (वाद्यसमूह) ३६ वटा भन्दा बढी देखा परेका छन् । देशका कुनाकाप्चासम्म पुग्न नपाएकोले अझै यस्ता कतिपय बाजा वा बाजा समूहबारे हामीलाई थाहा नभएको हुनसक्छ । हिमालदेखि तराईसम्म र मेचीदेखि महाकालीसम्म यस्ता लोप भएका र हुन लागेका बाजाहरूबारे खोज र अनुसन्धान हुनु आवश्यक छ ।

त्यसैगरी पेशेवर कलाकारहरूबारे पनि राष्ट्रले चासो देखाउन आवश्यक भएको छ । परम्परागत पेशामा बाँच्न बाध्य पञ्चैबाजा र नौमती बाजा बजाउने दमाईं, आरबाजोर सारङ्गी वादन गरी जनतामा मनोरञ्जन प्रदान गर्ने गन्धर्व (गायक), नाचगान गरेर जीवन धान्ने वादी, तराईक्षेत्रका डोम र चमार आदिको पेशाको सुरक्षाप्रति पनि ध्यान जानु परेको छ ।

नेपाली लोकवाद्य र त्यसका वादकहरूबारे विदेशी सङ्गीतशास्त्रीहरूले अध्ययन, अनुसन्धान गरी अङ्ग्रेजी र जर्मन भाषामा पुस्तक लेखी नेपाली लोकसङ्गीतवाद्यको परिचय विश्वलाई दिने प्रयास गरेका छन् ।

हालै मात्र नेपालका गाइनेबारे नर्वेका सङ्गीतशास्त्री हान्स वेडज्नेटको एउटा पुस्तक ओस्लो विश्वविद्यालयबाट प्रकाशित भएको छ । लेखको रूपमा अनेकौं लेख पत्र-पत्रिकामा प्रकाशित भए पनि पुस्तकको रूपमा यसको महत्व रहेको छ । यसअघि जर्मनीका फेलिक्स होबर्गर र बेलायतकी डा. क्यारोल टिंगीले दमाईंहरूको सङ्गीत भूमिकाबारे अङ्ग्रेजी र जर्मन भाषामा पुस्तकहरू लेखे । यसैगरी डा. बेग्नरले अङ्ग्रेजीमा धिमेबाजा र नायखिंबाजामा पुस्तक प्रकाशित गरे । यसरी केही मात्रामा भए पनि नेपालीबाजा र तिनका वादकहरूबारे विदेशी अध्येताहरूबाट केही प्रकाश पार्ने प्रयास भएको छ । यस प्रकारको कृतिले नेपाली लोकसङ्गीतबारे विश्वसङ्गीतमा केही न केही चिनारी हुन सक्छ । त्यसबाहेक अध्ययन र अध्ययन गर्न चाहने पाठक र विद्यार्थीहरूका लागि पनि ती कृति महत्वपूर्ण ठहरिनेछन् । एसियाली देश र अमेरिकामा समेत त्यहाँका सङ्ग्रहालयहरूमा केही नेपाली बाजा प्रदर्शित भएको कुरा थाहा हुन्छ । ती सङ्ग्रहालयमा कहीं कहीं मादल मात्र झुण्डिएको र कतै पञ्चैबाजाका पाँचवटा बाजा देखा परेको कुरा थाहा पाइन्छ । विश्वसङ्गीतमा नेपाली बाजाको परिचय दिलाउन सङ्ग्रहालयहरूको महत्वपूर्ण भूमिका रहन्छ । त्यसैले हामीले त्यस्ता सङ्ग्रहालयहरूमा आफ्नो साङ्गीतिक निधिस्वरूप ती बाजाहरूको ठीक विवरणसहित राम्ररी प्रदर्शन गर्न लगाउने प्रयास गर्नुपर्छ ।

नेपाली वाद्यसङ्गीतका कतिपय लोकबाजाहरूको नाम मात्र सुनिन्छ । तर, तिनको दर्शन पाउनु त कता हो कता ठीकसँग विवरण पाउन पनि कठिन छ । यस्ता वाद्यमा प्राचीन तालबाजा मार्फालाई लिन सकिन्छ । लोप भएको यो बाजा भित्तीचित्रको आधारमा बनाउन लगाइएको थियो । यो बाजा आजकल बज्न छाडेको छ । यसैगरी किराँत प्रदेशमा प्रचलित जोर मुरली र तारबाजा देख्न पाइँदैन । गजले रेटेर बजाइने त्यो तारबाजा कस्तो थियो होला भन्ने कल्पना पनि गर्न सकिँदैन । यसैगरी बिनायो पनि पहाडका महिलाहरूमा कमै बज्न थालेको थाहा हुन्छ । ती लोप भएका बाजाहरूलाई कसरी प्राप्त गर्ने ? कसरी त्यसको उत्थान गर्ने ? यस्तो शोध र खोज कसले गर्ने वा गराउने ? एउटा समस्या नै भएको छ ।
नेपाली सङ्गीतसंस्कृतिको संरक्षण, संवर्द्धन र विकासको प्रश्न उठ्दा यस्ता सांस्कृतिक निधिको बारेमा पनि चासो राखिनुपर्छ जस्तो लाग्छ । समष्टिमा नेपाली वाद्यसङ्गीत मात्र नभएर नेपाली सङ्गीतकै समग्र विकासको कुरा उठ्दा एउटा कुराले सोझै प्रश्न गरिरहेको हुन्छ त्यो के भने हाम्रो साङ्गीतिक विकासको आधारको रूपमा स्पष्ट अनुभव भएको राष्ट्रमा एउटा यस्तो सशक्त 'राष्ट्रिय वाद्यवादन'को अनिवार्यता हो ।

जबसम्म राष्ट्रमा एउटा राष्ट्रियवाद्यवादन स्थापित हुँदैन तबसम्म नेपाली सङ्गीतको समुचित विकास हुन्छ भन्ने कुरा केवल कल्पना मात्र हुन सक्छ। हुन त आजको युगसम्म आइपुग्दा नेपाली सङ्गीतले अन्तर्राष्ट्रिय स्तरकै एउटा स्तरीय वाद्यवादन पाइसक्नुपर्ने हो। यस विषयलाई थाँती राखेर हामी पहिले राष्ट्रिय वाद्यवादनबारे नै विचार गरौँ। देशमा राष्ट्रिय वाद्यवादन मात्र भइदिए आजको नेपाली सङ्गीतले भोग्नु परेका धेरै अभाव र कठिनाइहरू कम हुन सक्थे। नेपाली सङ्गीतको स्तरवृद्धि हुने र प्रतिशतको हिसाबले पनि आजको अवस्थाभन्दा धेरै कुरामा सुधार देखा पर्न सक्थ्यो।

नेपाली लोकबाजाहरूमा सबै वर्ग र गुणका बाजाहरू उपलब्ध छन्। तारबाजा, फुकेर बजाइने सुषिर बाजा, छालाले मढिएका तालबाजा, ठटाएर बजाइने धनबाजा आदि सबै वर्गका सबै गुणहरूयुक्त बाजाहरू छन्। तारबाजाहरूमा-आरबाजो, सारङ्गी, पिवाँचा, मनरङ्गी, एकतारे, दुईतारे, टुङ्ना, डोङमेन, धिमालको उर्नी, सेरेञ्जा आदि अनेकौं तारबाजा कुनै कोट्याएर र कुनै गजले रेटेर बजाइन्छ। सहने, बाँसुरी नरसिंगा, कर्णाल, बानो, काहा, पोंगा, पैंता, डोङछे, नेकुबाजा, सिंगा आदि फुकेर बजाइने बाजाहरू हुन्। नेपाली बाजाहरूमा सबभन्दा बढी संख्यामा तालबाजा देखा पर्दछन्। यिनमा विभिन्न आकार प्रकारका मादल, खिं, पश्चिमा, डम्फु, ढयाङ्ग्रो, च्याब्रुङ, ढोल, ढोलक, ढोलकी, ढ्याम्को, हुड्को, दमाहा, नगरा, कुट्कुटे आदिलाई सम्झन सकिन्छ। ठटाएर बजाइने धनबाजाहरूमा बुक्स्याल (सबभन्दा ठूलो झ्याली), भुस्या, छुस्या, झ्याली (झ्याम्टा), ताःतिन्छु, बाटाहरू, घण्टा र घण्टीहरू छन्। धनबाजाहरूले सहायक तालवाद्यका रूपमा सघाउ पुऱ्याउँछन् भने स्तरवाद्य र तालवाद्य मुख्य वादनमा देखा पर्छन्। स्वरबाजामा-बाँसुरी, मुरली, सहने, सहने, सारङ्गी, पिवाँचा, टुङ्ना र मनरङ्गी पर्दछन्। यसैगरी तालबाजामा मादल, खिं, पश्चिमा, ढोलक, ढोलकी र नगरा बज्दछन्। आजकल मादल तरङ्ग पनि बज्न थालेको छ। यसअघि सङ्गीतशिरोमणि पं. यज्ञराज शर्मा (अर्याल) ले बनाउनु भएको इँटद्वारा निर्मित ‘इष्टका तरङ्ग’ पनि नेपाली सङ्गीतमा बज्दै आएका छन्।

लोकगीत

नेपालको समृद्ध लोकसंस्कृतिमा लोकसङ्गीत पनि समृद्ध रहँदै आएको कुरा सर्वविदितै छ। हाम्रो देशमा प्राचीनकालदेखि परम्परागत लोकसंस्कृति चल्दै आएको छ। त्यो वर्तमानसम्म पनि अक्षुण्ण रहिआएको छ। यसरी नै नेपाली लोकसङ्गीत पनि अविरल रूपमा चल्दै आएको छ। नेपाली लोकगीतको प्रवाह कम भएको छैन, बरु अझ बढ्दै गएको अनुभव गर्न सकिन्छ। समयको प्रवाहमा कतिपय लोकगीत बिलाए पनि

होलान् । तिनलाई खोजी गर्दै प्रकाशमा ल्याउनु आजका अन्वेषकहरूको कर्तव्य नै हुन आएको छ ।

नेपाल लोकगीतमय छ । नेपाली समाज लोकगीतमा रमाएको छ । हाँसेको छ । रोएको पनि छ । मेचीदेखि महाकालीसम्म हाम्रो लोकगीत गाउँ-घर, डाँडाकाँडा, रन-वन, मेला-पात, जात्रा-मात्रा, चाड पर्व र हर्ष-उन्मादमा रमेका छन् । विरह व्यथा र करुणा पनि लोकगीतबाटै व्यक्त भएका हुन्छन् । सुदूरपश्चिमाञ्चलको देउडा, मध्यपश्चिमाञ्चलको सिंगारु (टप्पा), पश्चिमाञ्चलको यानिमाया र सुनिमाया, मध्यमाञ्चलको ख्यालि र भ्र्याउरे अनि पूर्वाञ्चलको चण्डी र च्याब्रुङ लोकगीतहरू प्रसिद्ध छन् । यसैगरी लोकगाथा, बारहमासा, पर्वगीत, कर्मगीत र संस्कार गीतहरू नेपाली लोकगीतमा लोकप्रिय रहँदै आएका छन् ।

गाथाहरूमा-लोकगाथा, वीरगाथा, करुण गाथा, चैत (चरित्र) र
कर्खालाई लिन सकिन्छ । हुड्केहरू तालबाजा हुड्कोका साथ लोकगाथा, वीरगाथा र चैत हाव-भावसहित प्रस्तुत गर्छन् । मध्यपश्चिमाञ्चल र सुदूरपश्चिमाञ्चल क्षेत्रमा भारत, हुड्केली वा भणागका रूपमा भारत (गाथा) गाउने चलन छ । भनिन्छ-भारत अलिखित इतिहास हो । यो हुड्केहरूको कण्ठमा सुरक्षित रहेको छ । पश्चिमाञ्चलका गन्धर्व (गायक) हरूले परापूर्वकालदेखि राजा, महाराजाहरूको प्रशस्तिको रूपमा चरित्र र वीरगाथाहरूको जीवनीमा आधारित कर्खाहरू गाउँदै आएका छन् । कर्खाहरू करुण रसका पनि हुन्छन् भन्ने कुरा सहमै रानी र मनकोइला रानीको कर्खा सुन्दा थाहा हुन्छ ।

बाऱ्हमासा-बाह्रैमहिना गाउन हुने गीतलाई बारहमासा भनिन्छ । कुनै कुनै गीत त्यस्ता सदाबहार भए पनि बारहमासा गीतमा बाह्रै महिनाको अलग अलग वर्णन गरिएको हुन्छ । वैशाखदेखि चैतसम्मको वर्णन भएको बारहमासालाई बारहमासे गीत भनिएको हो । बारहमासा बाहेक छ मासा र चारमासा (चौमास) ६ महिने र चारमहिने गीत पनि नेपाली लोकगीतमा चलेका छन् । नेपाली लोकगीत बारहमासे गीतहरूले भरिपूर्ण रहेको छ । नेपाली बारहमासा गीतबारे अलग्गै पुस्तक प्रकाशनमा ल्याउन सकिन्छ ।

पर्वगीत- नेपाली संस्कृतिअनुसार पर्व पर्वमा गाइने लोकगीतलाई पर्वगीत भनिएको हो । पर्वगीतमा महिलाहरूको तीज, गौरा, भैली, देउसी मालश्री, माङ्गल (मङ्गल) आदि लोकगीत पर्दछन् । कर्मगीत- काम गर्दा गाइने गीतलाई कर्मगीत भनिएको हो । कर्मगीत भन्नाले असारे गीत, भदौरे, दाइँ गीत आदि अरू पनि गीत पर्दछन् ।

संस्कार गीत- जीवनको संस्कारमा जन्मदेखि मृत्युसम्मका गीत पर्दछन् । छैंठी (षष्ठी) देखि नै संस्कार गीत प्रारम्भ हुन्छ । महिलाहरूले विभिन्न अवसरमा संस्कार गीत गाउँदछन् । यस्ता गीतलाई सगुन, फाग, माङ्गल धुमारी भनिन्छ । मध्यपश्चिमाञ्चल र सुदूरपश्चिमाञ्चलमा सबै संस्कारहरू सगुन, फाग र माङ्गल गीत गाएर सम्पन्न गरिन्छ । छैंठीदेखि विवाहसम्म र मृत्युमा समेत रोई रोई संस्कार गीत गाउने चलन छ ।

हाम्रा कतिपय पुराना लोकगीतहरू र लोकभाकाहरू क्रमशः बिर्संदै जान थालिएको छ । वृद्धावस्थाका गायक, गायिकाले गाउने गरेका रामकली, चाँचरी मालश्री, ठाडोभाका, तेर्सो भाका आदि आजकल सुन्न पाइँदैन । यसबाहेक पछिका लोकभाका यानिमाया, सुनिमाया र सालैजो पनि यदाकदा नै सुन्न पाइन्छ । देशका कुनाकाप्चामा रहेका साङ्गीतिक प्रतिभाहरू क्रमशः बिलाउँदै जान थालेका छन् । उचित प्रेरणा र प्रोत्साहनको कमीले त्यस्ता विलक्षण प्रतिभाहरू लोक बागीनाबाट विलुप्त हुन थालेका छन् । समयमै ध्यान दिन सकिएन भने लोक बागीनाका अमूल्य निधि तिनीहरूसँगै बिलाउँदै जानेछन् । यसर्थ, भएका प्रतिभाहरूलाई उचित प्रेरणा र प्रोत्साहनसहित संरक्षण गर्नमा सम्बन्धित निकायहरूको ध्यान जानु आवश्यक भएको छ । लोक बागीनाको संरक्षण र संवर्द्धनमा यस्ता कुराले ठूलो भूमिका खेल्न सक्छ ।

लोकनाच

लोकनाच भन्नाले नेपालका प्रायः सबै नाचहरू पर्न आउँछन् । मेचीदेखि महाकालीसम्म नाचिने सबै प्रकारका नाचलाई लोकनाच भन्न सकिन्छ । यसमा चचा (चर्या) र परम्परागत नृत्यहरूलाई लोकनाचमा समावेश गर्न मिल्दैन । तिनीहरूको आफ्नै विधिविधान, नियम र परम्परा रहेका छन् ।

लोकनाचहरूमा- पूर्वाञ्चल नेपालको च्याब्रुङदेखि लिएर सुदूरपश्चिमाञ्चलको देउडा र हुड्केनाचसम्मलाई लिन सकिन्छ । यसै त हाम्रो देशको भौगोलिक बनावट नै यस्तो छ, जसले साधारण मान्छेलाई पनि नचरी (नाच्ने) बनाइदिन्छ । उकाली र उक्लँदाको खुइØय खुइØय र ओराली ओर्लंदाको ख्वार ख्वारती, आदि हिंडाइको प्रकृतिले नै नचरी नबनाई छाड्दैन । यसैले हाम्रो हिंडाइको गतिले नै हामीलाई नृत्यमय बनाउँछ भन्नुमा दुईमत नहोला । अनि जब मान्छे साँच्चि नै खुशी र आनन्दमय भई उफ्रन्छ, त्यतिबेला उसले नाचेकै भाव प्रकट हुन्छ ।

नेपाली लोकनाचहरू प्राचीनकालदेखि वर्तमानसम्म पनि नाचिंदै छन् । त्यस्ता नाचहरूको नाम मात्र लिंदा पनि सैकडौं पुग्न सक्छन् । नृत्य विषयक नेपाली पुस्तकहरूमा तिनलाई अध्ययन गर्न सकिन्छ । यहाँ केही लोकनाचहरू बारे सङ्क्षेपमा

चर्चा गरिन लागेको छ । पूर्वाञ्चल नेपालको च्याब्रुङ र चण्डी नाच ती क्षेत्रका प्रमुख नाचमध्येका हुन् । ती अञ्चलका तराई क्षेत्रहरूमा पनि विभिन्न किसिमका लोकनाचहरू प्रचलित छन् । चाँचर, झिझिया आदि त्यस भेकका लोकप्रिय नाच मान्न सकिन्छ । यस बाहेक त्यहाँ अरू पनि प्रसिद्ध नाचहरू चलेका छन् । यसैगरी हिमाली क्षेत्रमा बसोबास गर्ने नेपालीका पनि प्रसिद्ध लोकनाचहरू छन् । तिनमा सेलो र सेब्रुलाई उदाहरणका रूपमा लिन सक्छौं । अब मध्यमाञ्चल क्षेत्रका अनेकौं लोकनृत्यहरूमध्ये- ख्याली, झ्याउरे, धिमेलाई सम्झन सक्छौं । पश्चिमाञ्चल क्षेत्रका लोकनृत्यहरूमा-सोरठी, घाटु र कौडा नाचलाई लिन सक्छौं । मध्यपश्चिमाञ्चल क्षेत्रका विभिन्न लोकनाचहरूमध्ये सिंगारु, गौरा र
चुड्कालाई सम्झन सक्छौं । सुदूरपश्चिमाञ्चल क्षेत्रका विविध नाचहरूमा हुड्के, देउडा र ढोली नाचलाई लिन सक्छौं । यसरी गहिरिएर विचार गर्दा नेपाल र नेपाली संस्कृति सङ्गीतमय छ, आनन्दमय छ । नेपाली सङ्गीत संस्कृतिको विराटता र व्यापकतालाई विचार गर्दा कविवर माधव घिमिरेको गीतको एक पङ्क्ति अनायास नै याद हुन्छ-

"गण्डकी, कोशी, कर्णाली, भेरी र कालीको
यो देश मेरो-सोरठी, घाटु, भैलो र ख्यालीको
हजार तीर्थ, हजार मेला, हजार पर्व हे,
परन्तु यौटे आँगनमा खेल्ने सुखको स्वर्ग हे ,"

*- माधव घिमिरे*

नेपाली लोक बागीनामा बाजा, गीत र नाचले एकसाथ साथ दिएका हुन्छन् । कुनै कुनै नाच गीतमा मात्र नाचिन्छ । यस्ता नाचमा मध्य र सुदूरपश्चिमाञ्चलक्षेत्रका देउडा नृत्य पर्दछन् । कुनै नृत्य वाद्य धुनमा मात्र नाचिन्छ । मध्य र सुदूर पश्चिमाञ्चलको भुवो नृत्यलाई यसको उदाहरण मान्न सकिन्छ । कुनै कुनै नृत्यले लोकनाटकको रूप पनि लिई सकेका छन् । यिनमा सोरठी, घाटु, सङ्गिनी, डाँफे, मुनाल आदिलाई लिन सकिन्छ ।

नेपाली लोक बागीनाको लोकबाजा, लोकगीत र लोक नाचका बारेमा माथि चर्चा गरियो । अब सारांशमा भए पनि लोक बागीनाका विशेषताबारे केही विचार गरौं ।

साँचो अर्थमा भन्ने हो भने नेपाली लोकबागीना (लोकसङ्गीत), सत्यं, शिवं, सुन्दरम् र सत्, चित र आनन्दको प्रतीक हो । नेपाली जनजीवन शान्तिपूर्वक आफ्ना दुःख-कष्ट र कठिन जीवनयापन गर्न सङ्गीतकलाको शरण पर्दछन् । समाजको पीर-

व्यथा, सुख-दुःखका भाव प्रकट गर्न उनीहरू गीत गाउँछन्, बाजा बजाउँछन्, नाच्छन् । कष्टमय जीवनलाई भुलाउन मनका भावहरू वाणीमा पोख्तछन् । आनन्द प्राप्तिका लागि कुनै बाजा वादन गर्छन् । खुशियालीका अवसरमा उफ्री उफ्री नाच्छन् पनि । एक्लैमा विरह पोख्छन् भने समूहमा सुख-दुःख बाँड्दै रमाउँछन् । समूहमा बाजा बजाउँछन्, समूहमा गीत गाउँछन् र समूह नै मिलेर आनन्दसाथ नाच्छन् पनि । यो अमर भावनालाई ऋषि संवनन्ले ऋग्वेदमा यसरी व्यक्त गरेका छन् :-

संगच्छध्वं संवदध्वं संवो मनांसि जानताम् ।
देवा भागं यथा पूर्वे संजनाना उपासते ((५)

- ऋग्वेद सूक्त १९१ (चतुर्थ खण्ड)

(सँगै हिंडौ, सबैको मन बुझेर एकमत भई बोलौं, पहिलेका देवताहरू जसरी यज्ञमा आ-आफ्नो भाग पाई आफ्नै भाग मात्र भोग गर्थे, त्यसरी नै आ-आफ्नो भागको मात्र उपभोग गरौं ।

नेपाली बागीना लोककल्याणको लागि हो । लोकलाई आनन्दित र आल्हादित पार्न, मनलाई छुने मनोरञ्जन प्रदान गर्न नेपाली बागीनाको परम कर्तव्य हो । नेपाली समाजलाई बेला बेलामा रमाइलो वातावरणमा बागीनाले आफ्नो सेवा अर्पण गरिरहेको हुन्छ । सार्वजनिक रूपमा पनि जात्रा-मात्रा, तीर्थ-व्रत, चाड-पर्व आदिमा बागीनाको प्रत्यक्ष अनुभव गर्न सकिन्छ । भनिन्छ- भौगोलिक रूपमा मात्र कुनै राष्ट्र समृद्ध बन्न सक्तैन । सांस्कृतिक रूपमा समृद्ध राष्ट्र नभई कुनै राष्ट्र जीवित राष्ट्रको रूपमा उभिन गाहारो पर्छ । यसैले देशको सभ्यता भनेको साङ्गीतिक र सांस्कृतिक दृष्टिले सम्पन्न राष्ट्र नै हो । सङ्गीतसंस्कृति भनेको देशको ढुकढुकी हो, जन-जनको हृदय हो, जन-जनको आत्मा हो । यसको उन्नति र विकासमै राष्ट्रको मुख हँसिलो हुन सक्छ ।

लोक बागीनाका समस्या

यस्ता अनेकौं समस्याहरू देखा परेका छन्, जसको नालीबेली यो सानो लेखमा सम्भव छैन । धेरै कुराहरूलाई एकातिर पन्छाएर यहाँ केही मुख्य विषयहरूमा मात्र चर्चा गर्ने जमर्को गर्दैछु ।

लोक बागीनाको पहिलो समस्या हो । यसमा समर्पित लोक कलाकारहरूको अवस्था सुध्रनुको साटो दिन परदिन खस्किँदै गएर ज्यादै दयनीय अवस्थामा पुग्नु । लोक कलाकारका रूपमा चिनिने वादी, गायक (गन्धर्व) र दमाईहरू आज जतातते

बाजा बजाउँदै माँग्दै हिंडेका देखिन्छन् । उनीहरूको यो अवस्था देख्दा समाजलाई लाज लाग्नुपर्ने हो ।

हाल पर्यटकहरूको कमीले गर्दा उनीहरू यसबाट पनि निराश भएका छन् । यसप्रति चासो राख्ने को ? कुन निकायले उनीहरूको यो दुर्गतिको वास्ता गरेका छन् । वास्तवमा पेशेवर रूपमा नेपाली बागीनाको सेवा गर्दै आएका यी लोक कलाकारहरूको अवस्थामा सम्बन्धित निकायले केही त विचार गरिदिनुपर्ने ।

लोक बागीनाको सेवामा समर्पित अर्को विधा हो- नेपाली लोकबाजा निर्माताहरूको । हाम्रा लोकबाजा निर्माताहरू धेरैले आफूले बजाउने बाजा आफै बनाउँछन् । दमाईंले सहने आफँ बनाउँछन्, गायकले आरबाजा र सारङ्गी आफैं बनाउँछन् । छालाले मढ्ने तालबाजाहरू धेरैजसो आफैले बनाउँछन्, छालाको अभावमा वादी या कुलु कहाँ लगिन्छ ।

मादलको आकार बनाउने चुनाराहरू काठको कमीले गर्दा बिचल्लीमा परेका छन् । अब त यो पेशा नै छाड्लान् भन्ने डर भएको छ । यसैगरी नेपाली बाजा निर्माताहरूको पनि त्यस्तै कठिनाइ र अनेकौं गुनासाहरू सुन्न पाइन्छ ।

यी यस्ता वाद्यनिर्माताहरूलाई कहीं कतैबाट प्रोत्साहित गरिएको थाहा पाइँदैन । केही प्रमुख वाद्यनिर्माताहरू स्वर्गवास भइसकेका छन् । बाँकी बचेकाहरू पनि निराशाजनक अवस्थामा बाँच्न विवश छन् ।